मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ११८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ३१ गते बिहीबार ❑ 14 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## यातायात व्यवसायी राष्ट्रिय महासंघको अध्यक्षमा सिटौला

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख



नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको सातौँ राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा पुण्यप्रसाद सिटौला विजयी हुनुभएको छ।

पोखरामा यही वैशाख २७ गतेदेखि सुरु भएको महाधिवेशन अन्तर्गत नयाँ नेतृत्व चयनका लागि बुधबार सम्पन्न मतदानमा सिटौलाले एक हजार ३० मत ल्याएर विजयी हुनुभएको हो । उहाँका प्रत्यासी हरिशरण केसीले ४६४ मत प्राप्त गर्नुभयो।

यसैगरी, वरिष्ठ उपाध्यक्षमा सानुकाजी प्रजापति, एनकुमार साइ र केदार पौडेल विजयी हुनुभएको छ । उपाध्यक्षहरुमा चन्द्रा ओझा, डम्बरराज पन्त, आत्मराम थापा, कान्छाराम थिङ, कान्छामान बल, जितबहादुर भारती र रामप्रसाद सुवेदी विजयी हुनुभयो । सात उपाध्यक्ष पदका लागि १३ जना प्रतिस्पर्धामा उत्रिएका थिए । महासङ्घको मालवाहकतर्फको उपाध्यक्षमा यादवलाल श्रेष्ठ र महासचिवमा डेकनाथ गौतम विजयी हुनुभयो। त्यसैगरी, उपमहासचिवमा देविन श्रेष्ठ, भानुभक्त बराल र पुरुषोत्तम सिंखडा विजयी हुनुभयो। सचिवमा उमेश केसी, चेतप्रसाद गौतम र टंकप्रसाद बस्याल निर्वाचित हुनुभएको छ । कोषाध्यक्षमा राजेन्द्र आचार्य ७१६ मत ल्याएर विजयी हुनुभयो। सहकोषाध्यक्षमा शोभाखर पौडेल विजयी हुनुभएको निर्वाचन समितिका संयोजक कृष्णप्रसाद ज्ञवालीले जानकारी दिनुभयो । महाधिवेशनबाट कूल ७८ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ । नवनिर्वाचित अध्यक्ष सिटौलाले नेपालको सार्वजनिक यातायात सुधारका लागि सरकारसँग मिलेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो । "यातायात क्षेत्रमा धेरै समस्या छन्, नयाँ सरकार बनेको छ । हामी सरकारसँग मिलेर यस क्षेत्रको सुधारका लागि काम गर्नेछौँ", उहाँले भन्नुभयो। महाधिवेशनमा देशभरबाट सार्वजनिक यातायात सञ्चालन गर्ने समिति, कम्पनी, प्रालि तथा सहकारीका गरी दुई हजार प्रतिनिधि र पर्यवेक्षक सहभागी थिए।

## अवैध गतिविधि नियन्त्रणमा प्रहरीको 'स्विप अप्रेसन' प्रभावकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख

समाजमा अवैध गतिविधि, गुण्डागर्दी गर्ने र शान्तिसुरक्षामा खलल पुर्याउनेविरुद्ध जिल्ला प्रहरी कार्यालय, कास्कीले सञ्चालन गरेको 'स्वीप अप्रेसन' प्रभावकारी देखिएको छ।

उक्त अप्रेसका क्रममा हालसम्म २०६ जनालाई नियन्त्रणमा लिई कारबाही गरिएको कार्यालयले जनाएको छ। यही असोज ९ गते पोखराका पाँच स्थानमा 'स्विप अप्रेसन' चलाई एकै रातमा १२३ जनालाई नियन्यत्रणमा लिएको प्रहरीले त्यसयता दुईपटक उक्त अप्रेसन सञ्चालन गरेको हो । असार १० गते राति पोखरामा विभिन्न स्थानमा 'स्वीप अप्रेसन' गर्दा थप ६१ जनालाई प्रहरीले पक्राउ गरेका थियो।

यस्तै गत सोमबार राति बगर, टुँडिखेल, तेस्रापट्टि, बागलुङ बसपार्क, हरिचोक, बाटुलेचौर, लामाचौरलगायतक्षेत्रमाचलाइएको उक्त अप्रेसनका क्रममा २३ जनालाई नियन्त्रणमा लिइएको कार्यालयका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो।

सोमबार पक्राउ परेकामध्ये सात जनालाई अभद्र व्यवहार मुद्दामा अदालतबाट १० दिन म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको उहाँको भनाइ छ। सात जनालाई रु एक हजार जरीवाला तिराएर छोडिएको छ भने छ जनालाई आफन्तको जिम्मा लगाई तारेखमा लगाइएको हो । यस्तै तीन जनालाई जुवा मुद्दामा सात दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ । रातको समयमा होहल्ला गर्ने, सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने, गाँजालगायत अवैध लागुऔषध सेवन गर्ने, जुवा खेलाउनेजस्ता अवैध गतिविधिमा संलग्नहरूलाई नियन्त्रणमा लिइएको प्रनाउ बस्नेतले बताउनुभयो । जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले 'स्विप अप्रेसन' सञ्चालन गर्ने गरेको उहाँको भनाइ छ । लेकसाइडलगायत क्षेत्रमा गाँजाजन्य पदार्थ र मदिरा सेवन गरी रातिको समयमा होहल्ला गर्ने गरेको जनगुनासो बढेपछि प्रहरी विशेष अप्रेसन चलाएको हो । मदिरा र गाँजाजन्य पदार्थ सेवन गरेकालाई सम्झाइबुझाइ अभिभावकलाई जिम्मा लगाउने गरिएको प्रहरीले जनाएको छ। आपराधिक पृष्ठभूमि भएका, पटके रूपमा यस्ता क्रियाकलापमा संलग्न र चेकजाँचका क्रममा प्रहरीलाई उल्टै दुर्व्यवहार गर्ने व्यक्तिलाई अदालतमा मुद्दा दर्ता गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको प्रनाउ बस्नेतले बताउनुभयो । आपराधिक गतिविधि नियन्त्रण र शान्तिसुरक्षा कायम गर्न 'स्वीप अप्रेसन' प्रभावकारी देखिएको उहाँको भनाइ छ। यस अभियानले निरन्तरता पाउने प्रनाउ बस्नेतले बताउनुभयो।

## राष्ट्र र जनताको हितलाई केन्द्रमा राखेर संविधान संशोधन गर्नुपर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख




संविधान गतिशील राजनीतिक दस्तावेज रहेको भन्दै राष्ट्र र जनताको हितलाई केन्द्रमा केन्द्रमा राखेर संविधान संशोधन गर्नुपर्नेमा जोड दिइएको छ।

राष्ट्रिय जनमोर्चा, जिल्ला समिति कास्कीद्वारा बुधबार पोखरामा आयोजित 'संविधान संशोधनको सन्दर्भमा गणतन्त्र र राष्ट्रियता' विषयक अन्तरक्रियाका वक्ताहरूले आवश्यकता र औचित्यका आधारमा संविधानलाई परिमार्जन गर्दै लैजानुपर्नेमा जोड दिइएको हो । उक्त विषयमा अवधारणापत्र प्रस्तुत गर्दै राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले राजनीतिक र जनस्तरमा बहृत् छलफल गरेर मात्र संविधान संशोधनका विषयलाई अगाडि बढाउनुपर्ने बताउनुभयो । "संविधान संशोधन जटिल तथा जोखिमपूर्ण तर मुलुकका लागि अत्यावश्यक प्रक्रिया हो", उहाँले भन्नुभयो, "संविधान संशोधनको उठान र अवतरण सही ढङ्गबाट हुन जरुरी छ ।" मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षाको प्रश्न तथा गणतन्त्रको सुदृढीकरणको विषयलाई केन्द्रमा राखेर संविधान संशोधनको विषयलाई अगाडि बढाउनुपर्ने उहाँले बताउनुभयो । नेपाली कांग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले गणतन्त्र, सङ्घीयताजस्ता राजनीतिक उपलब्धीलाई थप बलियो र सुदृढ बनाउने गरी संविधान संशोधन गर्नुपर्ने बताउनुभयो । संविधान संशोधन गर्दा आवश्यकता र औचित्य पुष्टि हुनुपर्ने उहाँको भनाइ छ । "राष्ट्रिय एकता र सहमतिका आधारमा संविधान संशोधन गर्नुपर्छ, राष्ट्र र जनताको बृहत्तर हितलाई केन्द्रमा राख्नुपर्छ", सभापति शर्माले भन्नुभयो।

नागरिक समाजका प्रतिनिधि विष्णु बरालले जडता र यथास्थितिवादी ढङ्गबाट मुलुक र जनताको आकङ्क्षा पूरा नहुने भन्दै समयसोपक्ष रूपमा संविधानलाई परिमार्जन गर्नुपर्ने धारणा राख्नुभयो । संविधान कार्यान्वयनका क्रममा विगतमा राजनीतिक दलहरूबाट देखिएको अक्षमता र कमजोरीलाई स्वीकार गर्दै त्यसलाई सुधार्नुपर्ने उहाँको भनाइ छ। कार्यक्रममा नेकपा (एमाले) का नेता राजीव पहारी, नेपाली कम्युनिष्ट पार्टीका नेता श्रीनाथ बराल, नेपाल कम्युनिष्ट पार्टीका नेतृ सावित्री बुढालगायतले भनाइ राखेका थिए।

## इन्भेष्टमेन्ट मेगा बैंकका सिइओ पाण्डे पक्राउ

**रासस**
काठमाडौं, ३० बैशाख

केन्द्रीय अनुसन्धान ब्युरोको प्रहरी टोलीले सरकारी सम्पत्ति कानुनविपरीत लिलामी गरेको अभियोगमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई सिन्धुलीबाट पक्राउ गरेको छ।

निजी क्षेत्रको स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल नेपाल दूरसञ्चार प्राकिरणले नियन्त्रणमा लिएको अवस्थामा उक्त सम्पत्तिमा सरकारी हक टुटाएर लिलामी प्रक्रियामा संलग्न भएको आरोपमा निजलाई पक्राउ गरिएको हो । ब्युरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार प्रमुख कार्यकारी अधिकृत पाण्डे 'लोन रिकभरी कमिटी'को अध्यक्षको हैसियातमा उक्त लिलामी प्रक्रियामा सहभागी भएको अनुसन्धानबाट खुलेको छ। मोबाइल फोन स्वीचअफ गरी भाग्दै गरेको अवस्थामा पाण्डेलाई जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिइएको प्रहरी टोलीको सहयोगमा कमलामाई नगरपालिका-६ बाट सवारी जाँचका क्रममा पक्राउ गरिएको हो।

स्मार्ट टेलिकमले अनुमतिपत्र नवीकरण नगरेका कारण २०८० वैशाख ३ गते अनुमति स्वतः रद्द भएको थियो । दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार प्राधिकरणले उक्त सम्पत्ति नियन्त्रणमा लिएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## पोखरा महागनर लेखा समितिको निजी विद्यालयप्रति चासो व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख



पोखरा महानगरपालिका भित्र रहेका निजी विद्यालयहरुले विद्यार्थीहरुसंग लिएको शुल्क र छात्रबृत्ति प्रदानका विषयमा पोखरा महानगरपालिका सार्वजनिक लेखा समितिले गम्भीर चासो ब्यक्त गरेको छ । बैठकले छात्रवृत्ति, भर्ना, वार्षिक शुल्क, विद्यालय संचालन मितिका विषयमा गम्भीर चासो ब्यक्त गरेको हो।

पोखरामा संचालनमा रहेका निजी विद्यालयले विद्यार्थीहरुसंग मनपरी रुपमा भर्ना र वार्षिक शुल्क लिएको गुनासो आएको भन्दै गम्भीर चासो ब्यक्त गरेको हो । लेखा समितिका संयोजक झपटबहादुर रानाभाटको अध्यक्षतामा बसेको बैठकले निजी क्षेत्रले नर्सरीदेखि १२ कक्षासम्म प्रदान गर्ने छात्रबृत्ति, भर्ना शुल्क, कक्षा ८ को परिक्षा केन्द्र, प्रश्नपत्र छपाईको गुणस्तरीयता र बालमैत्री भए नभएको बारेमा महानगर शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यसंग बैठकमा जानकारी लिएको हो। लेखा समितिमा निजी विद्यालयको बारेमा ब्यापक गुनासो आएको छ संयोजक रानाभाटले भने,"निजी विद्यालयले शिक्षा ऐन र महानगरको शिक्षा कार्यविधि अनुसार संचालन हुनुपर्छ । बैठकमा लेखा समिति संयोजक रानाभाटले शिक्षा ऐनको ब्यवस्था अनुसार विद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार उपलब्ध गराए नगराएको बारे महाशाखासंग विवरण माग गर्ने निर्णय गरेको बताए। बैठकले छात्रबृत्तिलाई पूर्ण कार्यान्वयन गर्न समेत निर्देशन दिएको छ । "पोखराका ठूला निजी विद्यालयले मनपरी रुपमा शुल्क लिएका छन्, त्यस्ता विद्यालयको तथ्याङ्क माग गरेका छौँ" संयोजक रानाभाटले भने । ऐन अनुसार निजी लगानी र सार्वजनिक शैक्षिक गुठी अन्तर्गतका विद्यालयहरुमा लागू हुने व्यवस्था रहेको छ। छात्रबृत्ति प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्मका विद्यार्थीहरुलाई दिनुपर्ने व्यवस्था छ। शिक्षा ऐन अनुसार ५ सय जनासम्म विद्यार्थी भएका विद्यालयले दश प्रतिशत, ५ सयदेखि ८ सय जनासम्म विद्यार्थी भएका विद्यालयले १२ प्रतिशत, ८ सय भन्दा बढी विद्यार्थी भएका विद्यालयले १५ प्रतिशत छात्रवृत्ति दिनुपर्ने व्यवस्था रहेको छ । छात्रवृत्ति कार्यान्वयनलाई प्रभावकारी कार्यान्वयन गर्ने गरी बैठकले निर्णय गरेको हो । महानगर शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले छात्रबृत्तिको प्रदानका लागि गरिवीको परिभाषा स्पष्ट नहुँदा स्थानीय तहले गरेको सिफारिसका आधारमा दिने गरिएको बताए । "छात्रवृत्ति

बाँकी अन्तिम पृष्ठमा ▶▶

# ६६औँ धौलागिरि आरोहण दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख

म्याग्दीमा रहेको संसारको सातौँ अग्लो धौलागिरि हिमालको ६६ आरोहण दिवस आज विविध कार्यक्रमका साथ मनाइएको छ।

आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमाल अवस्थित धौलागिरि गाउँपालिका-४ मुदीमा पदमार्ग र घरबास प्रवर्द्धन तथा पर्वतारोही सम्मान गरेर दिवस मनाइएको हो।

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गर्नुभएको थियो। उहाँसहित डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धौलागिरिको चुचुरोमा पुग्नुभएको थियो। गण्डकी प्रदेशको पर्यटन तथा उद्योग मन्त्रालय, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोग र धौलागिरि गाउँपालिकाको समन्वयमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल(टान) गण्डकीको आयोजनामा धौलागिरिको



फेदीमा रहेको मुदीमा दिवस मनाइएको हो।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले हिमाल अवस्थित वडाको भूगोलमा पहिलोपटक आरोहण दिवस मनाइएको बताउनुभयो। "पहुँच र पहलको कमीले यसअघिका धौलागिरि आरोहण दिवस पोखरा र काठमाडौँमा मनाउने गरिएको थियो", उहाँले भन्नुभयो, "धौलागिरि हिमालको पहिचान र म्याग्दीमा रहेको सन्देश प्रवाह गराउन यो कार्यक्रम सफल भएको छ।" आरोहण दिवसको अवसरमा पर्वतारोही कृष्ण केसीलाई टान गण्डकीले कदरपत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गरेको छ। धौलागिरि हिमाल आरोहणबापत यस याममा सरकारले रु एक करोड ३४ लाख ५४ हजार ५५० सलामी दस्तुर सङ्कलन गरेको छ। यस यामका लागि कूल चार समूहमा १८ पुरुष र १२ महिला गरी ३० जनाले धौलागिरि अरोहणका लागि अनुमति लिएका पर्यटन विभागले जनाएको छ।

अघिल्लो याममा यो हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए। पर्यटन विभागका अभिलेखअनुसार ६६ वर्षको अवधिमा ७०० जना भन्दा बढीले धौलागिरि हिमाल आरोहण गरेका छन्। कार्यक्रममा धवलागिरी गाउँपालिका-४ का वडाध्यक्ष यामप्रसाद घर्ती र स्थानीय पर्यटन व्यवसायी गणेश घर्तीले सडकका कारण धौलागिरि चक्रीय पदमार्ग मासिएको तथा पर्वतारोहीहरू हेलिकप्टरबाट सिधै आधार शिविर पुग्न थालेपछि पदमार्ग सुनसान बनेको गुनासो गर्नुभयो। गण्डकी प्रदेशका पर्यटन तथा उद्योगमन्त्री यसोदा रिमालले हिमालको संरक्षण र प्रवर्द्धनमार्फत रोजगारी र आयआर्जनको अवसर सिर्जनाका लागि सरकारले प्राथमिकता दिएको बताउनुभयो। गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले आन्तरिक पर्यटक लक्षित प्रवर्द्धन कार्यक्रम र नयाँ गन्तव्यको पहिचान, पूर्वाधार निर्माण र प्रवर्द्धनको आवश्यकतामा जोड दिनुभयो।

पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज काफ्ले, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख मनहर कडरिया, पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरि भुजेल, टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले धौलागिरि, ढोरपाटन क्षेत्रलाई समेटेर नयाँ गन्तव्यको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन, पूर्वाधार र सुरक्षामा जोड दिनुभयो।

# गण्डकीलाई खेल पर्यटनको विश्वव्यापी 'हब' बनाउन स्पष्ट नीति र लगानीको खाँचो

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख

गण्डकी प्रदेशलाई खेल पर्यटनको विश्वव्यापी 'हब' बनाउन सकिने पर्याप्त आधार भए पनि राज्यको स्पष्ट दृष्टिकोण र लगानीको अभावमा यो क्षेत्र अझै बामे सर्न सकेको छैन। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा भएको 'पोखरा पर्यटन खेलकुद सम्मेलन' मा वक्ताहरुले यस विषयमा जोड दिएका छन्।

सम्मेलनमा वक्ताका रुपमा थिए, पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई, स्काई डाइभ पाइलट यशोदा केसी थापा, प्रदेश खेलकुद परिषद्, गण्डकीका संस्थापक सदस्य सचिव तेजबहादुर गुरुङ र अन्तर्राष्ट्रिय खेलकुद पत्रकार महासंघका कोषाध्यक्ष निरञ्जन राजवंशी। उनीहरुसँग पत्रकार सन्देश श्रेष्ठ छलफलमा थिए। उक्त सेसनमा वक्ताहरुले खेलकुद र पर्यटनलाई जोडेर आर्थिक समृद्धि हासिल गर्न सकिने तर यसका लागि नीतिगत झन्झट, महँगो यातायात




र मन्त्रालयहरूबीचको समन्वयको अभाव मुख्य तगारो बनेको धारणा राखेका थिए। उनीहरुले खेलकुदलाई केवल खेलको रूपमा मात्र नभई एउटा ठूलो उद्योग र सामाजिक रूपान्तरणको माध्यमको रूपमा परिभाषित गर्नुपर्नेमा जोड दिएका थिए। अन्तर्राष्ट्रिय खेलकुद पत्रकार महासंघका कोषाध्यक्ष निरञ्जन राजवंशीले विश्व बजारमा खेल पर्यटनले ओगटेको हिस्सा र नेपालको अवस्थाबारे गहिरो विश्लेषण गरे। उनले स्पोर्ट्स टुरिज्मलाई 'लक्जरी टुरिज्म' को रुपमा व्याख्या गर्दै सामान्य पर्यटकको तुलनामा खेल पर्यटकले १० देखि १०० गुणा बढी खर्च गर्ने तथ्य प्रस्तुत गरे। राजवंशीका अनुसार थाइल्याण्डको अर्थतन्त्रमा गल्फले र भियतनामको अर्थतन्त्रमा एड्भेन्चर स्पोर्ट्सले ठूलो योगदान दिएको छ भने स्वीजरल्याण्डले आफ्नो ६० प्रतिशत भूभाग ओगट्ने हिमाललाई 'अल्पाइन टुरिज्म' मार्फत विश्वकै महँगो गन्तव्य बनाएको छ।

प्रदेश खेलकुद परिषद् गण्डकीका संस्थापक सदस्य सचिव तेजबहादुर गुरुङले खेलकुदको परिभाषा र यसको गहिराइलाई बुझ्न जरुरी रहेको बताए। उनले खेलकुदलाई केवल पदक जित्ने वा उत्सव मनाउने माध्यम मात्र नभई यसलाई स्वास्थ्य र सामाजिक रुपान्तरणसँग जोड्नुपर्ने औंल्याए। गुरुङका अनुसार विश्व स्वास्थ्य संगठनको तथ्याङ्कले प्रत्येक सात जनामा एक जना मानसिक समस्याबाट ग्रसित भएको देखाएको सन्दर्भमा खेलकुद एउटा ठूलो ओखती बन्न सक्छ। उनले भने, 'हामीले खेलकुदलाई मनोरञ्जन मात्र ठान्यौँ, तर यो सामाजिक रूपान्तरणको अभिन्न अङ्ग हो, राज्यले यसको मर्म नबुझ्दा कुल बजेटको शून्य दशमलव ६ प्रतिशत मात्र लगानी गरेको छ, जुन अत्यन्तै न्यून हो।' गुरुङले राज्यका विभिन्न मन्त्रालयहरूबीच समन्वयको ठूलो खाडल रहेको पनि स्पष्ट पारे।

पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईले पोखराको पर्यटनमा खेलकुदको भूमिका महत्वपूर्ण भए पनि पूर्वाधार विकासमा राज्य सुस्त देखिएको बताए। मुग्लिन-पोखरा सडकको अवस्थाले पर्यटकको बसाइ र आगमन दुवैमा गम्भीर असर पारेको उनको भनाइ थियो। भट्टराईका अनुसार पोखरामा धेरै अन्तर्राष्ट्रिय स्तरका खेलहरू हुने सम्भावना भए पनि ती खेलहरूका लागि आवश्यक पर्ने पूर्वाधार र सरकारी सहयोगको कमी छ। उनले भने, 'पोखरा आफैँमा एउटा 'एयर कन्डिसन सिटी' हो, यहाँको मौसम खेलकुदका लागि विश्वकै उत्कृष्ट छ, तर हामीले यसलाई ब्रान्डिङ गर्न सकेनौँ।' भट्टराईले पोखरामा आयोजना हुने म्याराथन, ट्रायथलन जस्ता खेलहरूलाई विश्वभर चिनाउनका लागि स्थानीय तह र प्रदेश सरकारले एउटा छुट्टै 'स्पोर्ट्स डेस्क' स्थापना गर्नुपर्नेमा जोड दिए।

साहसिक खेल स्काई डाइभकी पाइलट यशोदा केसी थापाले नेपालमा साहसिक पर्यटनका लागि स्काई डाइभिङ एउटा बलियो माध्यम बन्न सक्ने तर यसका लागि राज्यको नीति अत्यन्तै संकुचित रहेको अनुभव सुनाइन्। उनले थाइल्याण्डमा सिकेको सीपलाई नेपालमा प्रयोग गर्न खोज्दा कानुनी र नीतिगत बाधा व्यहोर्नुपरेको बताइन्। थापाले भनिन्, 'हामीले उपकरणहरू विदेशबाट ल्याउनुपर्छ, जसमा सरकारले चर्को कर लगाउँछ, अर्कोतिर नागरिक उड्डयन प्राधिकरणले हामीलाई १५-१५ दिनको अस्थायी अनुमति मात्र दिन्छ, यस्तो अवस्थामा कसरी ढुक्क भएर व्यवसाय गर्ने ?'


स्काई डाइभिङ अत्यन्तै महँगो खेल भएकाले यसलाई सर्वसुलभ बनाउन राज्यले विशेष सहुलियत दिनुपर्ने उनको माग थियो। उनले बताए अनुसार यदि स्काई डाइभिङलाई प्याराग्लाइडिङ जस्तै नियमित र सुरक्षित रूपमा सञ्चालन गर्ने वातावरण बन्ने हो भने पोखरामा विदेशी पर्यटकको बसाइ लम्ब्याउन धेरै मद्दत पुग्छ। थापाले थपिन्, 'स्काई डाइभिङका लागि नेपालको आकाश र दृश्य संसारकै उत्कृष्टमध्येमा पर्छन्, तर हामीले राज्यलाई यसको महत्व बुझाउन सकेका छैनौँ, नीतिगत सुधार भएमा यसले हजारौँको रोजगारी र लाखौँको विदेशी मुद्रा आर्जन गर्न सक्छ।'

कार्यक्रममा प्रमुख वक्ताका रुपमा पोखरा विश्वविद्यालयका स्कुल अफ विजनेश डा. उमेशसिंह यादवले गण्डकी प्रदेशमा खेलकुद पर्यटनको संभावना, चूनौति र अवसरका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए।

## सार्वजनिक सेवा लिादा ध्यान दिऔं।

◆ आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
◆आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
◆नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
◆आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
◆सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
◆सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
◆जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
◆सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
◆अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्वन्धित निकायमा उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



गुप्तेश्वर गुफामा पर्यटकः कास्कीको पोखरा-१७ छोरेपाटनमा अवस्थित गुप्तेश्वर महादेव गुफा अवलोकन गर्न आएका पर्यटक। पछिल्लो समय गुफा भित्रबाट देखिने पातले छाँगा(डेभिजफल) को मनोरम दृश्यावलोकन गर्ने पर्यटकको आकर्षण बढ्दो छ। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# हेम्जा बोर्डिङकी आयुष्माले ल्याइन एसइईमा ४ जिपिए

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख

पोखरा-२५ हेमजा स्थित हेम्जा बोर्डिङ स्कुलकी छात्रा आयुष्मा परियारले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ४.० जिपिए ल्याएकी छन्।

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको नतिजाअनुसार परियारले उच्चतम सफलता हात पारेकी हुन्। विद्यालयबाट यस वर्षको परीक्षामा कुल ३९ जना विद्यार्थी सहभागी भएका थिए।

नतिजाको विवरणअनुसार विद्यालयका १० जना विद्यार्थीले ३.६ देखि ४.० सम्मको जिपिए, १६ जना विद्यार्थीले ३.२ देखि ३.६ सम्मको जिपिए र १२ जना विद्यार्थीको २.९ देखि ३.२ जिपिए आएको हेम्जा बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल केशव शरण पौडेलले जानकारी दिए। शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय प्रशासनको निरन्तर प्रयासले यो उपलब्धि सम्भव भएको संस्थापक प्रिन्सिपल केशव शरण पौडेलले बताए। 'एसइईको रिजल्टले शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यालयलाई थप ऊर्जा प्राप्त भएको छ' पौडेलले भने, 'उत्कृष्ट नतिजाका लागि सहयोग गर्ने सम्पूर्णप्रति विद्यालय परिवार




आभार व्यक्त गर्दछ।'

विद्यालयको सफलताप्रति खुसी व्यक्त गर्दै प्रिन्सिपल पौडेले उत्कृष्ट नतिजासहित उत्तीर्ण सम्पूर्ण विद्यार्थीलाई बधाई दिँदै आगामी शैक्षिक यात्राको शुभकामना दिएका छन्। साथै, उत्कृष्ट नतिजाको लागि हरदम क्रियाशील शिक्षक, शिक्षिका तथा अभिभावकमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गरे। विद्यालयले अघिल्ला वर्षमा पनि एसइई परीक्षाको नतिजा उत्कृष्ट रहँदै आएको छ। विद्यालयका कक्षा नर्सरीदेखि कक्षा १० सम्म पठनपाठन हुँदै आएको छ।परीक्षामा देशभरबाट ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। शिक्षा सचिव चूडामणि पौडेलका अनुसार परीक्षामा दुई लाख ८४ हजार १६० विद्यार्थी ग्रेडेड भएका र एक लाख ४६ हजार ५०७ परीक्षार्थी ननग्रेडेड भएका छन्। यस पटक एसइईमा दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्रले परीक्षाको फाराम भरेकामा चार लाख ३० हजार ६६७ जना परीक्षामा सहभागी भएका शिक्षा सचिव पौडेलले बताए। नतिजाअनुसार ४८ हजार ३९२ परीक्षार्थीले सबैभन्दा उच्च जिपिए अर्थात् तीन दशमलव ६० देखि चार ल्याएका छन् भने ८० हजार ३७२ जनाले तीन दशमलव २० देखि तीन दशमलव ६० जिपिए ल्याएका छन्।

## पोखरा ...

प्रदानका लागि गरिवीको परिभाषा नभएको र परिचयपत्र वितरण नभएकाले स्थानीय तहको सिफारिसका आधारमा गरेका छौँ।" उनले भर्ना शुल्कका विषयमा प्रमाण सहित भएमा कारवाही गरिने बताए। उनले केन्द्रीय सरकारले बैशाख २१ गते विद्यालय संचालन गर्ने भनेपनि पोखरा महानगर शिक्षा समितिको निर्णयका आधारमा बैशाख १५ गते नै संचालन गरिएको प्रष्ट पारे।

त्यस्तै पोखराका निजी विद्यालयले शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगाबै आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसंग लिने शुल्कको प्रस्तावित दर अनुसुची २० को आधारमा प्रस्तावित गरी स्वकीकृतिका लागि सम्बन्धित स्थानीय तहमा पेश गनुपर्ने व्यवस्था भएपनि पोखराका निजी विद्यालयले अहिलेसम्म शुल्क निर्धारण नगरेको समेत लेखा समितिले जनाएको छ। बैठकमा लेखा समिति सदस्यहरु बलराम पौडेल, विष्णुमणी बराल, दुर्गादेवी थापा के.सी., रामजीप्रसाद पौडेल र समितिका सदस्यसचिव रोमनाथ उपाध्याय लगायतको उपस्थिति रहेको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ।
– थोमस फुलर

## सम्पादकीय

# प्रधानमन्त्री संसदमा बोल

सरकारको नीति तथा कार्यक्रम माथि उठेका प्रश्नको उत्तर प्रधानमन्त्री बालेन्द्र शाहले दिनुपर्ने विपक्षी दलको मागका कारण प्रतिनिधि सभाको बैठक स्थगित भएको छ। विपक्षी दलले सदनमा प्रधानमन्त्री बालेन शाह उपस्थित नभए भन्दै अवरोध गरेपछि भोलिसम्मका लागि बैठक स्थगित गरिएको छ। सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि छलफल गर्दा सदनमा प्रधानमन्त्री उपस्थित हुनुपर्ने र उठेको प्रश्नको जवाफ दिनुपर्ने अडान विपक्षीले राखेका छन्। बजेट अधिवेशनको रुपमा चिनिने संसद बैठकमा सरकारको नीति तथा कार्यक्रममा पर्याप्त छलफल नगरी चाँडो सक्न खोज्दा पहिलो गासमै ढुङ्गा लागे जस्तो भएको छ।

प्रधानमन्त्री बालेनले आफ्नोतर्फबाट उठेका प्रश्नको जवाफ दिन अर्थमन्त्री स्वर्णिम वाग्लेलाई अघि सारेपछि विपक्षीले आपत्ति जनाएका छन्। सभामुख डीपी अर्यालले पटक पटक आग्रह गर्दा पनि विपक्ष सहमत नभएपछि भोलि बिहान ११ बजेसम्मलाई बैठक स्थगित गरे।सभामुखले सदन सञ्चालनको लागि प्रधानमन्त्रीसँग आफैँ संवाद गर्ने जनाएका छन्। सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि छलफल गर्दा सदनमा प्रधानमन्त्री उपस्थित हुनुपर्ने र उठेको प्रश्नको जवाफ दिनुपर्ने अडान विपक्षीले राखेका छन्। जुन अघिल्लो संसदमा रास्वपाले उठाएको मुद्दा अहिले विपक्षीले उठाएका छन।

प्रधानमन्त्री बालेनले आफ्नोतर्फबाट उठेका प्रश्नको जवाफ दिन अर्थमन्त्री स्वर्णिम वाग्लेलाई अघि सारेपछि विपक्षीले आपत्ति जनाएका हुन्।रास्वपा भित्र पनि उकुसमुकुस वातावरण बनेको छ। सभामुख डीपी अर्यालले पटक पटक आग्रह गर्दा पनि विपक्ष सहमत नभएपछि बिहीबार बिहान ११ बजेसम्मलाई बैठक स्थगित गरे। उनले सदन सञ्चालनका लागि प्रधानमन्त्रीसँग आफै संवाद गर्ने जनाएको छन्। सभामुखले प्रधानमन्त्रीलाई निर्देशन दिन सक्छ। प्रधानमन्त्रीले संसदलाई छल्न खोज्ने र संसदले प्रधानमन्त्रीलाई बाँध्न खोज्दा अविश्वास बढ्दो छासंसद भवन र प्रधानमन्त्री कार्यालयको दूरी निकै नजिक छ तर भावनात्मक दूरी बढिरहेको छ।

डिजिटल दुनियाँमा चाहने हो भने सरकारले नागरिकसँग रियल-टाइममा संवाद गर्न सक्छ। तर संवाद ठप्प छ। आशंका र दूरि बढिरहेकै छ। अहिले बालेनले देखाइरहेको यो हेपाइ नीति, विधि वा कुनै व्यक्ति/संस्था (राष्ट्रपति/सांसद/संसद) लाई मात्र होइन। यो सीधा अर्थमा जनता र लोकतन्त्रलाई हेपेको सन्देश हो। जुन प्रवृत्तिको विरुद्ध संघर्ष गरेको आएको शक्ति हो, त्यही प्रवृत्तिको संरक्षक बन्ने रहर हो कि कहर हो ? संसदीय दल, दल र प्रणाली निरीह बन्ने र व्यक्ति सर्वेसर्वा हुने खराब उदाहरण किन बन्न खोजेको ? नागरिकले कसरी थाहा पाउने ? संवाद/संचारप्रतिको यस्तो अरुचि घातक हुन्छ। भन्ने गरिन्छ- सत्ताले मानिसलाई बदल्ने मात्र होइन, उसको वास्तविक चरित्र पनि देखाउँछ। बालेनलाई सामाजिक सञ्जालमा नयाँ पुस्ताले प्रश्न सोध्न थालेका छन्- सडकमा हुँदा सत्ताको विरोध गरेको कि आफू सत्तामा नभएको कुराको विरोध गरेको ? सडकमा प्रश्न गर्नु र सत्तामा बसेर प्रश्नको सामना गर्नु बिल्कुल फरक कुरा हुन्। सडकमा हुँदा प्रश्न गर्नु आदर्श हो, तर कुर्सीमा बसेपछि प्रश्न सुन्नु जिम्मेवारी हो।

बालेनहरूले पाएको मत एक्सनको लागि मात्र होइन, त्योभन्दा बढी इन्टर-एक्सन अर्थात् संवाद र सञ्चारका लागि हो। लोकतन्त्रमा सरकारले के गरिरहेको छ भन्दा पनि 'किन गरिरहेको छ' भन्ने बुझ्न युवा पुस्ता आतुर छ। दलतन्त्रको सिन्डिकेट भत्काउन दिएको मत राज्यका संस्थाहरू भत्काउन प्रयोग हुँदा मतदाता दुःखी हुन थालेका छन्। देशमा सीमान्तकृत वर्गको रुवावासीले पनि नयाँ पुस्तासँग दूरी बढाइरहेको छ। सामाजिक सञ्जालका प्रतिक्रियाहरू हेर्दा उनीहरूमा एकप्रकारको फ्रस्टेसन देखिन्छ बालेनसँग, सरकारसँग। अत्यधिक आशाले दिने अन्ततः यस्तै निराशा हो। नयाँ पुस्ताको राजनीतिमा करुणा अर्थात् समानुभूति प्राथमिक सर्त हुनुपर्ने रहेछ। गरिबी हटाउने नाममा गरिबमाथि नै प्रहार गर्ने, तर त्यसको विकल्प नदिने अनि त्यसबारे एक शब्द नबोल्ने प्रवृत्तिले युवाहरूमाझ बालेनको 'हिरोइज्म' माथि प्रश्न उठ्न थालेको हो। मौनतन्त्र बिस्तारै मनपरीतन्त्रमा बदलिने संकेतहरूले पनि उनीहरू बेचैन देखिन थालेका छन्। लाखौं युवाहरूको राजनीतिक सपना निमोठिनुअघि, देश फेरि अर्को निराशाको भुमरीमा फस्नुअघि- नागरिकसँग संवाद गर। आफ्ना योजना बताऊ। संसदमा बोल।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मिनी बसको ठक्करबाट वृद्धको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ३० बैशाख

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटमा मिनी बसको ठक्ककरबाट मंगलबार साँझ एक वृद्धको मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही ठाउँ बस्ने ७० वर्षीय वीर्खबहादुर चुमी रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

आँबुखैरेनीबाट डुम्रेतर्फ आउँदै गरेको प्र३-०१-००१प १६०९ नम्बरको पर्यटक मिनी बसको ठक्करबाट पेदलयात्री चुमीलाई ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।

चुमीको शव प्रदेश अस्पताल दमौलीको शवगृहमा रहेको छ भने प्रहरीले बस चालक गोरखाको पालुङटार नगरपालिका-१ बस्ने ३८ वर्षीय मनोज पोख्रेललाई नियन्त्रणमा लिएको जनाएको छ।

# ट्याक्टर दुर्घटनामा किशोरको मृत्यु, चालक घाइते

**पोखरापत्र संवाददाता**
गोरखा, ३० बैशाख

निर्माण सामग्री बोकेको ट्याक्टर जिल्लाको भीमसेनथापा गाउँपालिका-२ राताामाटेमा गएराती दुर्घटना हुँदा सोही गाउँपालिका- ३ का १३ वर्षका विक्रम बस्यालको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी राजकुमार श्रेष्ठका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका बस्यालको उपचारका क्रममा प्रदेश अस्पताल गोरखामा बुधबार बिहान मृत्यु भएको हो।

दुर्घटनामा ट्र्याक्टर चालक सिरानचोक गाउँपालिका-८ जौबारीका २६ वर्षीय राजन परियार गम्भीर घाइते हुनुभएको छ। निजको सोही अस्पतालमा उपचार जारी छ।

# विवाह गर्ने उमेर २० वर्ष नघटनाउन आग्रह

**रासस**
काठमाडौं, ३० बैशाख

बीस वर्षपछि विवाह गर्ने विद्यमान कानुनी व्यवस्थामा परिवर्तन नगर्न बालअधिकारकर्मीले जोड दिएका छन्।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले आज आयोजना गरेको 'बिहेवारी २० वर्ष पारी अभियान'मा सञ्चारकर्मीको भूमिका विषयक छलफल कार्यक्रमका वक्ताहरूले विवाह गर्ने उमेरलाई घटाएर १८ वर्ष ल्याउन कतिपय पक्षले दबाब लिए पनि त्यस्तो प्रस्ताव अघि बढ्न नहुनेमा जोड दिइएको हो। राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालले विवाह गर्ने विद्यमान उमेर घटाउँदा शैक्षिक, मानसिक, आर्थिक र सामाजिकका साथै प्रजनन् स्वास्थ्यमा प्रतिकूल असर पर्ने अध्ययनबाट देखिएको बताउनुभयो। उहाँले चीन, दक्षिण कोरिया, भारतलगायत मुलुकमा पनि २० वर्षपछि नै विवाहको कानुनी प्रबन्ध भएको दृष्टान्त दिनुभयो। अधिकारकर्मी धितालले नेपाल सरकारले ल्याएको बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयनका लागि सबै तहका सरकार, निजीक्षेत्र र सञ्चारकर्मीले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। नेपालको संविधानको धारा ३९ ले बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था रहेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा २० वर्ष नपुगी गरिने विवाहलाई दण्डनीय मानेको छ। सिजपका अध्यक्ष तिलोत्तम पौडेलले कम उमेरमा विवाह गर्दैमा बालविवाह घट्छ भन्ने तर्क सही नभएको बताउँदै कम उमेरमा विवाह गरेर सन्तान जन्मिएमा जन्ममृत्युदर बढ्ने खतरा रहने जनाउनुभयो। उहाँले केटा र केटीको मञ्जुरीमा विवाह भएमा २० वर्ष मुनिको विवाहलाई पनि मान्यता दिनुपर्छ भन्ने बुझाइ पनि सही नभएको बताउनुभयो।

# ट्याक्टर दुर्घटनामा किशोरको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० बैशाख

बागलुङको ढोरपाटन नगरपालिका-५ लामडाँडामा ट्याक्टर दुर्घटना हुँदा एक किशोरको मृत्यु भएको छ।

बुधबार बिहान लामडाँडाबाट बुर्तिबाङतर्फ आउँदै गरेको ट्याक्टर दुर्घटना हुँदा ढोरपाटन नगरपालिका-५ का १६ वर्षीय सुशीलकुमार विकको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रमुख तिलक भारतीका अनुसार ट्याक्टर गोठमा खसेको थियो। फरार चालकको खोजी जारी छ। गोठमा आंशिक क्षति भए पनि पशुचौपायाको क्षति भएको छैन्।

# सर्वोच्चको मौनताप्रति बारको ध्यानाकर्षण

**रासस**
काठमाडौं, ३० बैशाख

केही दिनदेखि सर्वोच्च अदालत प्रशासनले रिट निवेदन दर्ता वा दरपिठ नगरेकोमा नेपाल बार एसोसिएसनले ध्यानाकर्षण गराएको छ।

महासचिव केदारप्रसाद कोइरालाद्वारा बुधबार जारी विज्ञप्तिमा विगत केही दिनदेखि सर्वोच्च अदालतमा रिट निवेदन दर्ताका लागि पेस भएका निवेदन प्रशासनले दर्ता नगरेकामा ध्यानाकर्षण गराएको उल्लेख छ। "कानुनअनुसार इजलाससमक्ष सम्बन्धित शाखामा निवेदनसहितको फाइल पेस गरेकामा सम्मानित सर्वोच्च अदालत प्रशासनले दर्ता वा दरपिठ दुवै नगरी मौनता साधी आएको भनी यस एसोसिएसनमा निवेदन दर्ता हुन आएको हुँदा यसका सम्बन्धमा सर्वोच्च अदालत प्रशासनको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौँ", विज्ञप्तिमा भनिएको छ।

# पर्यटन प्रवर्द्धन गर्ने 'नेपालसम्मको यात्रा' अभियान

**रासस**
काठमाडौं, ३० बैशाख

पोर्चुगलमा चर्चित नेपाली सेफ टङ्क सापकोटाले नेपाली खाना, संस्कृति तथा नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित 'नेपालसम्मको यात्रा' अभियान सुरु गर्नुभएको छ।

आफू पोर्चुगल आएको ३० वर्ष पूरा भएका अवसरमा सापकोटाले राजधानी लिस्बनमा सञ्चालन गरेको नेपाली रेष्टुरेन्ट 'काजा नेप्लिजा' (नेपाली भान्सा घर) मा उक्त अभियान सुरु गर्नुभएको हो। अभियानअन्तर्गत सापकोटाले नेपाल र पोर्चुगलका असहाय तथा अनाथ बालबालिकाको सहयोगार्थ च्यारिटी डिनर 'परोपकारी रात्रिभोज कार्यक्रम' सञ्चालन गर्नुभएको छ। वार्षिक कार्यक्रमका रूपमा सञ्चालन हुने रात्रिभोजमा नेपाली खाना र परिकारका साथै नेपाली संस्कृति तथा नेपालको प्राकृतिक सौन्दर्य झल्किने दृश्य प्रस्तुत गरिनेछ। यस्तै नेपाली कलाकारद्वारा साङ्गीतिक तथा सांस्कृतिक प्रस्तुति पनि दिइनेछ। 'पोर्चुगिज' समुदायलाई नेपाली संस्कृति, परम्परा, नेपाली खाना र परिकारका साथै नेपालको प्राकृतिक सौन्दर्यसँग परिचित गराउँदै नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित 'नेपालसम्मको यात्रा' अभियान सञ्चालन गरिएको सापकोटाले बताउनुभयो। कार्यक्रममा नेपाली खाना र परिकारसँगै सांस्कृतिक प्रस्तुति, सङ्गीत, नृत्य तथा नेपालको दृश्य-प्रदर्शनी समावेश गरिएको उहाँले बताउनुभयो। सापकोटाका अनुसार नेपाली परिकार, स्वाद, नृत्य, सङ्गीत र परम्परालाई एउटै मञ्चमा प्रस्तुत गरी सहभागीलाई नेपाल भ्रमणको अनुभूति दिलाउने प्रयास गरिएको हो। पोर्चुगिज समुदायलाई 'हिमालयको देश' नेपालको प्रकृति, संस्कृति र परिकारलाई नजिकबाट चिनाउने 'सांस्कृतिक यात्रा'का रूपमा 'नेपालसम्मको यात्रा' अभियान सञ्चालन गरिएको सापकोटाले बताउनुभयो। रात्रिभोज (च्यारिटी डिनर) मेनुमा नेपाली खानाका परिकार र स्वाद समेटिएको छ। जसमा दालभात, गुन्द्रुक, तरकारी समोसा, मःम, कुखुराको विशेष परिकार, तामा र बोडीको तरकारी, खसीको मासु तथा परम्परागत नेपाली खानाका परिकार समावेश गरिएको छ। यस्तै, जन्मभूमि बागलुङका साथै नेपालबाट ल्याइएका सामग्री र पोर्चुगलको सामग्रीको संयोजन गरेर खानाका परिकार तयार गरिएको छ। अभियानअन्तर्गत सहभागीले नेपाली खानासँगै नेपालको मौलिक संस्कृति र आतिथ्यताको अनुभव लिनेछन्। रात्रिभोज कार्यक्रममा पोर्चुगलका विभिन्न सरकारी निकायका उच्च अधिकारीहरू, पोर्चुगिज व्यवसायी तथा स्थानीय सञ्चारकर्मीको बाक्लो उपस्थिति रहेको उहाँले बताउनुभयो। रात्रिभोजमापोर्चुगलकालागिनेपाली राजदूत प्रकाशमणि पौडेल पनि सहभागी हुनुभएको थियो। नेपाली खाना, परिकार र संस्कृतिलाई पोर्चुगिज समुदायसम्म पुऱ्याउँदै नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने सापकोटाको अभियान प्रशंसनीय रहेको राजदूत पौडेलले बताउनुभयो। सामाजिक सेवासँग जोडिएका यस्ता अभियानले पोर्चुगिज समुदायमाझ नेपाल र नेपालीको सकारात्मक छवि उजागर गरेको उल्लेख गर्दै उहाँले यस्ता कार्यक्रमले नेपाली संस्कृति, खाना र परिकार तथा नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण टेवा पुग्ने बताउनुभयो। सो अवसरमा सांस्कृतिक वेषभुषामा सजिएका नेपाली कलाकार दुर्गा थापा, अर्जुन सोनामलगायतले नेपाली संस्कृति झल्कने खालका सांस्कृतिक प्रस्तुति दिनुभएको थियो। सापकोटाले नेपाललाई नेपाली परिकार, संस्कृति, परम्परा र पर्यटनका माध्यमबाट अन्तरराष्ट्रिय समुदायमा चिनाउन चाहेको बताउनुभयो। "नेपाल संसारकै सुन्दर देशमध्ये एक हो। नेपालको संस्कृति, प्रकृति र खानाको आफ्नै विशेषता छ। पोर्चुगलका मानिसले पनि नेपाललाई नजिकबाट चिनुन् र सकेसम्म धेरै पोर्चुगिज पर्यटक नेपाल भित्र्याउन सकियोस् भन्ने उद्देश्यले यो अभियान सञ्चालन गरिएको हो", सापकोटाले राससससँग भन्नुभयो। रात्रिभोजमा सहभागी पोर्चुगिजहरूले नेपाली परिकार, स्वाद, बनाउने शैली र त्ससँग जोडिएको संस्कृति र परम्पराबारे निकै चासोका साथ जिज्ञासा राख्ने गरेको सेफ सापकोटाले बताउनुभयो। सहभागीलाई नेपाली खाना, त्यसको स्वाद, विशेषता, त्यसमा प्रयोग गरिएका सामग्री र नेपाली संस्कृतिसँग जोडिएका खानाका महत्वबारे पनि जानकारी दिने गरिएको उहाँले बताउनुभयो। नेपाली खानासँगै नेपाली आतिथ्यता, पारिवारिक संस्कार, भेषभुषा, सङ्गीत, नृत्य तथा नेपाली जीवनशैलीबारे जानकारी गराउँदै नेपाललाई केबल स्वादका माध्यमबाट मात्र नभई संस्कृतिको अनुभवका रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेको उहाँले बताउनुभयो। "तीन दशकअघि अवसरको खोजीमा पोर्चुगल आएको थिए। आज यही भूमिबाट आफ्नो मातृभूमिको स्वाद, संस्कृति र पहिचान प्रस्तुत गर्न पाउनु मेरा लागि गर्वको विषय हो", सापकोटाले भन्नुभयो, "यो अभियानको मुख्य उद्देश्य नेपालको सांस्कृतिक पहिचान र पर्यटनको सम्भावनालाई अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्नु हो।" एक वर्षसम्म प्रत्येक महिनाको पहिलो आज सञ्चालन हुने उक्त कार्यक्रमबाट उठ्ने सम्पूर्ण रकम एसओएस बालग्राम नेपाल र एसओएस चिल्ड्रेनस् भिलेजपोर्चुगललाई५०-४०प्रतिशत सहयोग रकम प्रदान गरिने सापकोटाले बताउनुभयो।

सन् १९९६ मा पोर्चुगल आउनुभएका बागलुङ, दमकका सापकोटाको राजधानी लिस्बनमा तीन इटालियन र एक नेपाली गरी चार रेष्टुरेन्ट सञ्चालनमा छन्। पाककलामा उत्कृष्ट कला कौशल प्रदर्शन गरेकै कारण उहाँले दर्जनौं 'अवार्ड' तथा पुरस्कारसमेत प्राप्त गरिसक्नुभएको छ।

सापकोटाले कोरोना कहरमा कोरोनाका कारण रोजगारी गुमाएका तथा समस्यामा परेका राजधानी लिस्बनका १० हजार सूचीकृत न्यून आय भएकालाई 'एकमहिने निःशुल्क खाना अभियान' सञ्चालन गरेर निःशुल्क खानासमेत खुवाउनुभएको थियो।

# आइसिसी टि-ट्वान्टी विश्व वरियताः दीपेन्द्र चौथो स्थानमा

**रासस**
काठमाडौं, ३० बैशाख

नेपाली राष्ट्रिय क्रिकेट टोलीका उपकप्तान दीपेन्द्रसिंह ऐरी आइसिसी टि-ट्वान्टी विश्व वरियताको अलराउन्डरतर्फ चौथो स्थानमा यथावत रहेका छन्।

आइसिसीले बुधबार सार्वजनिक गरेको नयाँ वरियतामा दीपेन्द्र चौथो स्थानमा यथावत रहेका हुन्। वरियताअनुसार दीपेन्द्रको २४५ रेटिङ अङ्क छ। उक्त विश्व वरियतामा जिम्बाबेका सिकन्दर रजा ३२८ अङ्कसहित शीर्ष स्थानमा रहेका छन्।

त्यस्तै भारतका हार्दिक पाण्ड्या दोस्रो तथा पाकिस्तानका साइम अयुब तेस्रो स्थानमा छन्।अफगानिस्तानकाअजमतुल्लाह ओमरजाइ पाँचौं स्थानमा रहेका छन्।त्यस्तै एकदिवसीय वरियताको अलराउन्डरतर्फ भने दीपेन्द्र तीन स्थान सुधार गर्दै २८औँ स्थानमा उक्लिएका छन्। उनको रेटिङ अङ्क १५३ छ। त्यस्तै नेपालका अर्का खेलाडी करण केसी तीन स्थान तल झर्दै ८४औँ स्थानमा पुगेका छन्। एकदिवसीय वरियताको ब्याटिङतर्फ भने दीपेन्द्र दुई स्थान सुधार गर्दै ९९औँ स्थानमा पुगेका छन्। त्यस्तै आसिफ शेख १३ स्थान सुधार गर्दै ९३औँ स्थानमा छन्।

# मङ्गलाघाटमा म्याग्दी नदी नियन्त्रण आयोजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० बैशाख

बेनी नगरपालिका-७ मङ्गलाघाटमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि पक्की संरचना निर्माण थालिएको छ।

जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कास्कीले मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण सुरु गरेको हो। परियोजनाका ईञ्जिनियर नरजङ गुरुङले मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा ५५ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल बनाउन लागिएको जानकारी दिनुभयो। उक्त आयोजना निर्माणका लागि भैरवी इन्जिनियरिङ प्रालीसँग २०८२ फागुन १० गते रु ९९ लाख १९ हजार २९५ मा ठेक्का सम्झौता भएको थियो। यही असार १९ गतेसम्म ठेक्का सम्झौताको म्याद रहेको छ। निर्धारित समयभित्र नै आयोजना सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले उपकरण र मजदुर परिचालन गरेको छ। नदी किनारको तल्लो भागमा चार मिटर अग्लो आरसिसी र माथिल्लो भागमा तीन मिटर अग्लो ग्यावीयन पर्खाल बनाइने भएको हो।

यसअघि मङ्गलाघाटमा आयोजनामार्फत विभिन्न चरणमा ५०० मिटरभन्दा बढी लामो पर्खाल निर्माण भइसकेको छ। बेनी बजारको पश्चिमी भागमा रहेको मङ्गलाघाटमा २०० भन्दाबढी घर, सरकारी कार्यालय र कर्मचारी आवास भवन छन्। आयोजनाले बेनी बजारमा कटान र बाढी नियन्त्रण गर्न विगतदेखिनै सञ्चालन गरेको छ। बेनीलाई सरकारले नदी कटानका हिसाबले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचिमा राखेको छ। आयोजनाका प्रमुख विदुर श्रेष्ठले नदी कटान र पहिरोको जोखिममा रहेका म्याग्दी, मुस्ताङ र पर्वतका १७ स्थानमा सालबसाली योजना निर्माणाधिन रहेका बताउनुभयो।

# धवलागिरिमा मानव स्पर्श ६६ वर्ष, सात सय जनाभन्दा बढीद्वारा आरोहण

वासुदेव पौडेल, सन्तोष गौतम
म्याग्दी, ३० बैशाख



धवलागिरि हिमालमा मानव पाइला परेको ६६ वर्ष पूरा भएको छ।

आठ हजार १६७ मिटर अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मुदीको भूगोलमा पर्छ। संसारको सातौँ अग्लो धवलागिरि हिमाल अवस्थित मुदीमा यस वर्ष पहिलोपटक मङ्गलबारदेखि आरोहण दिवस मनाउन थालिएको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिनुभयो। "पहुँच र पहलको कमीले यसअघिका धवलागिरि आरोहण दिवस पोखरा र काठमाडौँमा मनाउने गरिएको थियो", उहाँले भन्नुभयो, "धवलागिरि हिमालको पहिचान र म्याग्दीमा रहेको सन्देश प्रवाह गराउन पहिलोपटक सम्बन्धित स्थानमा आरोहण दिवस आयोजना गरिएको हो।" सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गरेका थिए। डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्जे र नवाङ दोर्जे पहिलोपटक धवलागिरिको चुचुरोमा पुगेका थिए। गण्डकी प्रदेशको पर्यटन तथा उद्योग मन्त्रालय, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोग र धवलागिरि गाउँपालिकाको समन्वयमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा धवलागिरिको फेदीमा रहेको मुदीमा दिवस मनाउन लागिएको हो। गण्डकी प्रदेशका पर्यटन तथा उद्योगमन्त्री यशोदा रिमाल, म्याग्दी १ (१) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली, धवलागिरिका अध्यक्ष प्रेमप्रसाद पुन, मालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, धवलागिरिका उपाध्यक्ष रेशम पुनमगर, पर्यटन मन्त्रालयका उपसचिव टीकाराम पौडेल, पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछाने, टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यसहितका अतिथिहरूलाई स्थानीयवासीले बाजागाजासहित स्वागत गरेका थिए। मुदीका वडाध्यक्ष यामप्रसाद घर्तीले गाउँपालिकाको केन्द्र मुनासम्म गाडीबाट पुगेका अतिथिहरूले त्यहाँदेखि पदयात्रा गरेर मुदी पुगेका बताउनुभयो। उहाँका अनुसार सम्बन्धित भूगोलमा धवलागिरि आरोहण दिवस मनाउनुपर्ने स्थानीयवासको माग पूरा भएकामा मुदीवासी खुसी भएका छन्। आरोहण दिवसका अवसरमा बुधबार मुदीमा धवलागिरि आरोहीहरूलाई सम्मान र अन्तरसंवाद कार्यक्रम आयोजना गरिएको टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले बताउनुभयो। "धवलागिरि हिमाल आरोहणलाई जोखिमयुक्त पनि मानिन्छ", उहाँले भन्नुभयो, "यहाँको भूबनोट र हावापानी अनौठो किसिमको छ, आधाआधा घण्टामा मौसम बदलिइरहने भएकाले धवलागिरि आरोहणलाई पर्वतारोहण क्षेत्रमा साहसिक मानिन्छ।"

धवलागिरि हिमाल आरोहणबापत यस याममा सरकारले एक करोड ३४ लाख ५४ हजार ५५० सलामी दस्तुर सङ्कलन गरेको छ। यस यामका लागि कुल चार समूहमा १८ पुरुष र १२ महिला गरी ३० जनाले धवलागिरि आरोहणका लागि अनुमति लिएका पर्यटन विभागका निर्देशक निशा थापा राउतले बताउनुभयो।

अघिल्लो याममा यो हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए। पर्यटन विभागका अभिलेखअनुसार ६६ वर्षको अवधिमा सात सय जनाभन्दा बढीले धवलागिरि हिमाल आरोहण गरेका छन्।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले धवलागिरि हिमाललाई पर्यटकीय रूपमा अपेक्षित उपयोग हुन नसकेकोप्रति सरोकारवाला सबै गम्भीर बन्नुपर्ने बताउनुभयो। हिमालसहितजोडिएकागाउँहरूको पर्यटन प्रवर्द्धन होस् भन्ने उद्देश्यले ६६औँ धवलागिरि दिवस यहाँको मुदी गाउँमा मनाउन लागिएको उहाँले बताउनुभयो। यस हिमालमा आरोहणसहित धवलागिरि चक्रीय पदमार्गको पदयात्रामा आकर्षण बढाउनुपर्ने उहाँको भनाइ छ।

# तल्लो सेती जलविद्युत् आयोजना : प्रवेश सुरुङ निर्माण सुरु

पोखरापत्र संवाददाता
दमौली, ३० बैशाख



तनहुँको देवघाट गाउँपालिका-४ मा १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाको प्रवेश सुरुङ निर्माण सुरु भएको छ।

नेपाल विद्युत् प्राधिकरणको पूर्णस्वामित्वमा रहेको तनहुँ हाइड्रोपावर लिमिटेडले सुरुङ निर्माणका लागि आर.के. हाइड्रो इन्जिनियरिङ एण्ड एशोसिएट्स प्रालि काठमाडौँसँग ठेक्का सम्झौता गरेको छ।

विसं २०८० फागुन ७ गते सम्पन्न ठेक्का सम्झौतापछि विस्फोटक पदार्थ प्रयोगसम्बन्धी स्वीकृति प्रक्रियामा भएको ढिलाइका कारण निर्माण केही समय प्रभावित भएको आयोजना प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो। आवश्यक स्वीकृति प्राप्त भएपछि हाल सुरुङ निर्माण सुरु गरिएको उहाँले बताउनुभयो।

आयोजना प्रमुख श्रेष्ठका अनुसार प्रवेश सुरुङ आयोजनाको मुख्य संरचना निर्माणका लागि आवश्यक भूगर्भीय अध्ययन, अन्वेषण तथा पहुँच मार्गका रूपमा अत्यन्त महत्वपूर्ण रहनेछ।

तल्लो सेती जलविद्युत् आयोजनाले पिकिङ रन अफ द रिभर प्रकृतिको अर्धजलाशययुक्त जलविद्युत आयोजना हो। आयोजनाबाट वार्षिक ५२० दशमलव ७८ करोड युनिट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार आयोजनाको बाँध तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिकाअन्तर्गत सारङघाट नजिक सेती नदीमा निर्माण गरिनेछ। बाँधको उचाइ ३२ मिटर रहनेछ भने यसबाट करिब १२ दशमलव ७ किलोमिटर लामो जलाशय निर्माण हुनेछ। सञ्चित पानीलाई ६ दशमलव ७५ किलोमिटर लामो सुरुङमार्फत देवघाट गाउँपालिका-४, गाईघाटस्थित अर्धभूमिगत विद्युत् गृहमा पुऱ्याइने योजना रहेको उहाँले बताउनुभयो।

श्रेष्ठका अनुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन एसियाली विकास बैंकको अनुदान सहयोगमा तयार गरिएको हो। आयोजनाको अनुमानित कूल लागत २२७ मिलियन अमेरिकी डलर रहेको उल्लेख गर्दै उहाँले कूल लागतको ३० प्रतिशत स्वपुँजी तथा ७० प्रतिशत ऋणमार्फत आयोजना निर्माण गर्ने अवधारणागत निर्णय नेपाल विद्युत् प्राधिकरणबाट भइसकेको जानकारी दिनुभयो।

श्रेष्ठले विद्युतगृह तथा कर्मचारी आवास निर्माणका लागि आवश्यक करिब १४६ रोपनी जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो। नेपाल विद्युत् प्राधिकरणबाट आवश्यक बजेट विनियोजन भएपछि उक्त प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ।

आयोजना सञ्चालनमा आएपछि हिउँदयाममा दैनिक न्यूनतम ६ घण्टा १२६ मेगावाट विद्युत् उत्पादन गर्न सकिने श्रेष्ठले बताउनुभयो। उहाँले माथिल्लो क्षेत्रमा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको जलाशयबाट निस्कने पानीको पूर्ण उपयोगका लागि तल्लो सेती आयोजना महत्वपूर्ण 'क्यास्केड' आयोजना भएको बताउनुभयो। यस्ता आयोजनामा सरकारले प्राथमिकतासाथ पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको उहाँले औँल्याउनुभयो।

श्रेष्ठका अनुसार तनहुँ जलविद्युत् आयोजनाकै प्रसारण लाइन प्रयोग गर्न सकिने भएकाले थप प्रसारण पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता पर्दैन। साथै आयोजना काठमाडौँ र भरतपुर जस्ता प्रमुख लोड सेन्टर नजिक रहेकाले यो आयोजना लागत प्रभावी तथा व्यावसायिक दृष्टिले उपयुक्त रहेको उहाँले बताउनुभयो। ग्रिड कनेक्सन सम्झौता सम्पन्न भइसकेको तथा विद्युत् खरिद सम्झौता प्रक्रियामा रहेको जानकारी दिँदै श्रेष्ठले देवघाट गाउँपालिका-४, स्थित विद्युतगृह तथा कर्मचारी आवास क्षेत्रमा पहुँच सुनिश्चित गर्न त्रिशूली नदीमाथि पक्की पुल निर्माण अपरिहार्य रहेको बताउनुभयो। उक्त पुल निर्माणको अनुमानित लागत करिब रु ३७ करोड रहेको र त्यसका लागि बहुवर्षीय बजेट व्यवस्था आवश्यक पर्ने उहाँले बताउनुभयो।

उहाँले आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अन्तिम स्वीकृतिका लागि वन मन्त्रालयमा दस्तुर बुझाइसकिएको जानकारी दिँदै जापान अन्तराष्ट्रिय सहयोग नियोगसँग वित्तीय सहयोगका लागि पहल भइरहेको बताउनुभयो। साथै एडीबीबाट सन् २०२७ मा आयोजनाको कार्यान्वयन गर्न पाइपलाइनमा राखेको उहाँले जानकारी दिनुभयो।

# शैक्षिक गुणस्तर वृद्धिसँगै आत्मनिर्भर बन्दै गुप्तेश्वर क्याम्पस

हरि बास्तोला
पोखरा, ३० बैशाख/रासस




विद्यार्थी अभावका कारण कतिपय सामुदायिक क्याम्पस अस्तित्व जोगाउन सङ्घर्षरत रहे पनि पोखरास्थित छोरेपाटनमा सञ्चालित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस भने विद्यार्थीको रोजाइमा परेको छ।

सामुदायिक लगानी र सामाजिक उत्तरदायित्वको उदाहरण बनेको क्याम्पसले शिक्षालाई व्यापारभन्दा सेवा र अवसरका रुपमा अघि बढाउँदै निरन्तर गुणस्तरीय शिक्षामा जोड दिँदै आएको छ। विसं २०६५ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालनमा आएको क्याम्पसमा बिएड, बिबिएस, एमबिएस, बिएचएम, बिआइएलगायत विभिन्न विषयमा ८२५ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये ५१४ छात्रा छन्। छात्राको सङ्ख्या बढी हुनु आफैँमा यहाँको शैक्षिक वातावरणप्रतिको विश्वास र अभिभावकको भरोसाको सङ्केत भएको क्याम्पस प्रमुख धर्मराज बरालले जानकारी दिनुभयो।

उहाँका अनुसार ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्व बोकेको गुप्तेश्वर गुफा व्यवस्थापन समितिको आर्थिक लगानी र सक्रियतामा स्थानीय शिक्षाप्रेमी एवं सामाजिक व्यक्तित्वको पहलमा सञ्चालन भएको क्याम्पसको प्रत्येक वर्षको शैक्षिक नतिजाअनुसार मुलुकका क्याम्पसमध्ये उत्कृष्ट दशौँ भित्र पर्न सफल भएको हो।

गुप्तेश्वर गुफा व्यवस्थापन समितिले पर्यटकीय क्षेत्र पातले छाँगो नजिकै खरिद गरेको छ रोपनी जग्गामा २९ कोठे दुईवटा भवन निर्माण गरी क्याम्पसलाई हस्तान्तरण गरेपश्चात् आफ्नै भवनमा सञ्चालनमा आएको बताउँदै उहाँले भन्नुभयो, "गुफाको धर्मशाला भवनबाट सुरु भएको क्याम्पस आज अत्याधुनिक सुविधा सम्पन्न भवनमा पठनपाठन हुँदै आएको छ।" 'प्राकृतिक स्रोतको आम्दानी, शैक्षिक क्षेत्रमा लगानी' भन्ने मूल नारासहित सञ्चालनमा आएको क्याम्पस पछिल्ला वर्षमा आत्मनिर्भर संस्थाका रुपमा स्थापित भएको छ। सामुदायिक लगानी र सामाजिक उत्तरदायित्वको उदाहरण बनेको यो क्याम्पसले शिक्षालाई व्यापारभन्दा सेवा र अवसरका रुपमा अघि बढाउँदै आएको प्रमुख बरालको भनाइ छ। "शिक्षक, अभिभावक, विद्यार्थी र यस क्षेत्रका शिक्षाप्रेमी, सामाजिक व्यक्तित्वको अथक प्रयासबाट क्याम्पस आजको अवस्थामा पुग्न सफल भएको हो", प्रमुख बरालले भन्नुभयो, "मुलुकका कतिपय क्याम्पस विद्यार्थीको अभावमा बन्द हुने अवस्थामा पुगे पनि गुप्तेश्वर भने आत्मनिर्भर बन्नेतर्फउन्मुख छ।" क्याम्पस व्यवस्थापन समितिका कोषाध्यक्ष युवक लामिछानेका अनुसार आर्थिक वर्ष २०८१/०८२ विद्यार्थीबाट मात्रै तीन करोड ६४ लाख १६ हजार १९३ रुपैयाँ आम्दानी भएको थियो। यद्यपि अझै ६९ लाख २९ हजार ७५० रुपैयाँ शुल्क उठ्न बाँकी छ। यो क्षेत्रमा स्नातक तह अध्ययन गराउने क्याम्पसको अभाव हुँदा धेरै विद्यार्थी उच्च शिक्षा लिनबाट वञ्चित हुने अवस्था थियो।

विशेषगरी छोरीबुहारीलाई पढाउनकै लागि टाढा पठाउन नसक्ने परिवारका लागि यो क्याम्पस उपयुक्त भएको बताउँदै उहाँले भन्नुभयो, "घरकै नजिक गुणस्तरीय शिक्षा पाउने अवसरले धेरै छात्राहरु अध्ययनमा निरन्तरता दिन सहज भएको छ।"

ग्रामीण तथा मध्यमवर्गीय परिवारका विद्यार्थीका लागि सहज पहुँच, तुलनात्मक रुपमा कम शुल्क, सुरक्षित एवं शान्त वातावरण र व्यावहारिक विषयको पढाइले क्याम्पसलाई शिक्षा क्षेत्रको उदाहरणीय संस्थाका रुपमा चिनाउन थालेको छ। कोषाध्यक्ष लामिछानेका अनुसार चालु आवमा छ करोड १७ लाख २५ हजार १२३ आम्दानी हुँदा पाँच करोड ४४ लाख ९५ हजार ३३३ खर्च भएको छ। उहाँले भन्नुभयो, "यो अवधिमा विश्वविद्यालय अनुदान आयोगबाट कार्यसम्पादनतर्फ एक करोड २४ लाख १५ हजार २८० रुपैयाँ र नियमिततर्फ २३ लाख ६० हजार रुपैयाँ, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयमार्फत दुई लाख ४६ हजार २५० रुपैयाँ र संरक्षक संस्था गुप्तेश्वर गुफाबाट ८० लाख रुपैयाँ अनुदान प्राप्त भएको थियो। ह्रासकट्टीपश्चात् १३ करोड ८४ लाख रुपैयाँ क्याम्पसको स्थिर पुँजी रहेको छ।

क्याम्पस स्थापनाकालदेखि हालसम्म १५ करोड रुपैयाँभन्दा बढी लगानी भइसकेको छ भने प्रशासनिक खर्चमा मात्र आठ करोड रुपैयाँभन्दा बढी लगानी क्याम्पस स्थापना गरी सञ्चालन गर्दै आएको संरक्षण सस्था गुप्तेश्वर गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोला बताउनुहुन्छ। गुफाले आगामी आवका लागि पनि आवश्यक रकम विनियोजन गरिने तयारी भइरहेको उहाँले बताउनुभयो। उक्त रकम गुफा अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकले काटेको टिकटबाट सङ्कलन भएको हो। प्लसटू पास गरेपछि रोजगारको सिलसिलामा विदेशिने कारण विद्यार्थी घट्दै गएको राष्ट्रिय बहसकाबीच यो क्याम्पसले एउटा सन्देश दिएको छ। यदि समुदाय, व्यवस्थापन र शैक्षिक दृष्टिकोण सही भए सामुदायिक क्याम्पस पनि आकर्षणको केन्द्र बन्न सक्दछन्। शिक्षा केवल प्रमाणपत्र बाँड्ने माध्यम होइन, समाज रुपान्तरणको आधार हो भन्ने सन्देश गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसले व्यवहारमै देखाइरहेको प्राडा टङ्कराज अधिकारी बताउनुहुन्छ।

# एसइई ग्रेडवृद्धि परीक्षा असार १ गतेदेखि

रासस
काठमाडौँ, ३० बैशाख

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ननग्रेडेड (अनुत्तीर्ण) भएकाहरुका लागि आगामी असार १ गतेदेखि ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्नेभएको छ।

बोर्डका परीक्षा नियन्त्रक टुकराज अधिकारीले यसवर्ष एसइईको नतिजामा ननग्रेडेड भएका एक लाख ४६ हजार ५०७ जना विद्यार्थीका लागि मौका परीक्षा दिन असार १ गतेदेखि ९ गतेसम्म ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो।

यसवर्ष दुई लाख ८४ हजार १६० विद्यार्थी ग्रेडिड (उत्तीर्ण) भएको र एक लाख ४६ हजार ५०७ ननग्रेडेड भएको जानकारी दिँदै उहाँले परीक्षामा पाँच लाख १२ हजार ४२१ जना विद्यार्थीले परीक्षा फाराम भरे पनि परीक्षामा भने चार लाख ३० हजार ६६७ जना सहभागी भएको जानकारी दिनुभयो।

ग्रेडवृद्धि परीक्षाका लागि राष्ट्रिय परीक्षा बोर्डले सम्बन्धित विद्यालयलाई थप तयारी कक्षा सञ्चालन गर्न आग्रह गरेको छ। बोर्डले एसइईको नतिजामा चित्त नबुझेमा पुनर्योग गर्ने तालिका सार्वजनिक गरेको छ।

नतिजामा चित्त नबुझेमा पुनर्योगका लागि जेठ १ गतेदेखि ७ गतेसम्मको समय निर्धारण गरेका जानकारी दिनुभयो। गत चैत १९ देखि २९ गतेसम्म सञ्चालित परीक्षाको नतिजा भने २९ दिनमा नतिजा सार्वजनिक गरेको थियो।

सोमबार सार्वजनिक गरेको एसइईको नतिजामा ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएको र यो नतिजा गत वर्षभन्दा ४ दशमलव १७ प्रतिशतले वृद्धि भएको उहाँले जानकारी दिनुभयो। यसवर्ष प्रदेश अनुसार कोशीमा ५० हजार ८९०, मधेसमा ४४ हजार ५९२, बागमतीमा ७७ हजार ११३, गण्डकीमा २६ हजार ५५०, लुम्बिनी ४४ हजार २५६, कर्णाली १९ हजार ९५ र सुदूरपश्चिमा २१ हजार ६६४ ग्रेडेड भएका छन्।

परीक्षामा मधेस प्रदेशका ३१ हजार ७२५, कोशीमा २१ हजार ३६६, बागमतीमा २१ हजार ७०४, गण्डकीमा ९ हजार ९४३, लुम्बिनीमा २७ हजार ८९३, कर्णालीमा १३ हजार २४१ र सुदूरपश्चिममा २० हजार ६३५ विद्यार्थी ननग्रेडेड भएका छन्।

यसवर्ष कक्षा ११ को भर्ना प्रक्रिया बोर्डले छिट्टै सुरु गर्ने बोर्डका परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो। बोर्डले कक्षा ११ को भर्ना तयारी छिट्टै थालिने बताउँदै यसबारेमा शिक्षा मन्त्रालयले सरोकारवाला पक्षसँग छलफल गरेर भर्ना र पठनपाठनको मिति निर्धारण गर्ने जानकारी दिनुभयो।